धनगढी उप-महानगरपालिका

स्थानीय राजपत्र

खण्डः०८ **संख्याः०४** **मितिः२०८१/०३/०१**

भाग-०२

धनगढी उप-महानगरपालिका

धनगढी उपमहानगरपालिका स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धि कार्यविधि २०७७ (प्रथम संशोधन),२०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०३।०१
राजपत्रमा प्रकाशन मितिः २०८१।०३।०२

हालको व्यवस्था	संशोधित प्रावधान	संशोधन गर्नुपर्ने कारण
दफा २. परिभाषाः		
नभएको	(म) **"पारामेडिक्स"** भन्नाले नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएका र नेपाल स्वास्थ्य व्यवसायी परिषदले तयार पारेको Code of ethics for PCL Level को परिधिमा रही प्राक्टिस गर्न चाहने (सि.एम.ए., एच. ए.), नेपाल आयुर्वेद	नभएकोले राख्नुपर्ने दफा २(भ) पश्चात

हालको व्यवस्था	संशोधित प्रावधान	संशोधन गर्नुपर्ने कारण
	चिकित्सा परिषदमा दर्ता भएका र नेपाल स्वास्थ्य व्यवसायी परिषदले तयार पारेको Code of ethics for PCL Level को परिधिमा रही प्राक्टिस गर्न चाहने (बैद्य, कविराज) आदीलाइ जनाउदछ।	
	(य) **"पारामेडिक्स क्लिनिक"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भइ कुनै पनि व्यक्तिलाइ स्वास्थ्य सम्बन्धि जाच गर्ने, उपचार गर्ने, उपचार सम्बन्धि आवश्यक परामर्श गर्ने स्वास्थ्य संस्थालाइ जनाउदछ।	नभएकोले राख्नुपर्ने
परिच्छेद ७. सेवा सम्बन्धि व्यवस्था		
नभएको	**१९ (क) पारामेडिक्स क्लिनिक/ पारामेडिक्स आयुर्वेद क्लिनिक सम्बन्धि मापदण्ड र पुर्वाधारहरु:** क) पारामेडिक्स क्लिनिक/ पारामेडिक्स आयुर्वेद क्लिनिकमा स्वास्थ्य जाच गर्ने स्वास्थ्यकर्मी कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पनि CMA/HA वा सो सरह उपाधि प्राप्त गरी सम्बन्धित परिषद परिषदमा दर्ता भएको हुनुपर्नेछ। ख) क्लिनिकमा रेडियोलोजी प्रयोगशाला, फार्मेसी तथा अन्य सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धि निर्धारित पुर्वाधार पुरा गर्नुपर्नेछ। ग) पारामेडिक्स क्लिनिकमा स्वास्थ्य सेवा सञ्चालन गर्नुपरेमा देहाय बमोजिमको न्युनतम भौतिक सुविधाहरु हुनुपर्नेछ। ● विरामीको जाच गर्न Ventilated कोठा १, ● बिरामी बस्ने (कुर्ने) ठाउ १, ● बिरामी जाच्ने टेबल १, ● स्वास्थ्यकर्मीका लागी टेबल/ कुर्सी १/१	नभएकोले राख्नुपर्ने दफा १९ (१०) पश्चात दफा २० को अगाडी

हालको व्यवस्था	संशोधित प्रावधान	संशोधन गर्नुपर्ने कारण
	• बिरामी बस्ने टुल/कुर्सी □१, • शौचालयको व्यवस्था भएको • स्वच्छ पानीको आपुर्ती भएको • बिरामीको सम्पुर्ण विवरण राख्नको लागी कम्प्युटर वा रजिस्टरको व्यवस्था हुनुपर्नेछ। घ) क्लिनिकमा काम गर्ने सम्पुर्ण कर्मचारीको योग्यताको प्रमाणपत्रको प्रतिलिपी साथै प्राविधिक कर्मचारीको सम्बन्धित परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी राख्नु पर्नेछ। ङ) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउमा राख्नु पर्नेछ। च) पालिकाबाट तोकिएको एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीको ढाचा अनुसार रुपमा नियमित रुपमा मासिक प्रतिवेदन धनगढी उप□हानगरपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।	

आज्ञाले,

.....

नरेन्द्र बहादुर खाती

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप महानगरपालीका